# सामुदायिक वनको निर्णय प्रकृयाः सूचना, शक्ति र नेतृत्वको प्रभाव

■ मणिराम बन्जाडे

सामुदायिक वन (सा.व.) विकासको प्रक्रियामा एउटै वन स्रोतसँग सम्बन्धित भैकन पनि स्वतन्त्र अस्तित्वमा रहेका विभिन्न अवधारणा, मूल्य-मान्यता, उद्देश्य र ज्ञान प्रणालीहरुको नियमित अन्तरक्रिया भइरहेको हुन्छ ।[१४] यसै सिलसिलामा नेपालको सा.व. प्रक्रियामा विभिन्न दृष्टिकोण र रुचि भएका सरोकारवालाहरुको संलग्नता बढ्दै गएको र यससँग सम्बन्धित निर्णयहरु एवं तिनीहरुको कार्यान्वयनमा ती विविध पक्षहरुको प्रभाव देखिन थालेका छन् । सरोकारवालाहरुमा सरकार र स्थानीय उपभोक्ता मात्र होइनन, दातृ समुदाय, गैरसरकारी संस्था एवं निजि क्षेत्रहरु समेत पर्दछन् ।

सा.व. सम्बन्धी निर्णय सामाजिक अन्तरक्रियाको निचोड हो जसमा तथ्य, जानकारी, ज्ञान एवं अनुभवहरु प्रतिविम्वित भएका हुन्छन् । विभिन्न सरोकारवालाहरुले निर्णयलाई आफ्नो सोच र स्वार्थ रक्षा गर्न विशिष्ट राजनैतिक, आर्थिक, सामाजिक पक्षहरु र उल्लेखित तथ्य, जानकारी एवं ज्ञानको अनुभवको साहारा लिन्छन् । निर्णय गर्ने बेलामा एउटै सूचना/तथ्यलाई समेत आ-आफ्नो क्षमता अनुसार फरक फरक अर्थ दिई परिवेशलाई आफ्नो पक्षमा पार्ने प्रयास पनि विभिन्न सरोकारवालाहरुले गरिरहेका हुन्छन् । जसमा समूहभित्रका विभिन्न वर्ग, जातजाति, लिङ्ग र सामाजिक संरचनाहरु माथि पहुँच भएका व्यक्तिहरु समेत पर्दछन् ।

.......... झट्ट हेर्दा सामान्य प्रक्रियाकै उपज जस्तो लागे पनि सामुदायिक वन सम्बन्धी निर्णयहरु जटिल सामाजिक प्रक्रियाहरु हुँदै एउटा टुंगोमा पुगेका हुन्छन् । यी सामाजिक प्रक्रियाहरुमा सूचनाको उपलब्धता र त्यसप्रतिको निर्णयकर्ताको दृष्टिकोण, स्थानीय शक्ति सन्तुलन, राजनैतिक दाउपेच, व्यक्ति वा समूहको आर्थिक, शैक्षिक एवं सामाजिक स्तर र स्थानीय स्तरमा रहेका सामाजिक विभेदीकरणका अन्य तत्वहरु (लिंगभेद, जनजाती, भेगीय फरक आदि) पर्दछन् ।

यसै परिप्रेक्ष्यमा सा.व. विकासको चुरोको रुपमा रहेको निर्णय प्रक्रियामा विभिन्न अवधारणा, सूचना, जानकारी, तथ्य, अनुभव एवं ज्ञानको प्रभाव अध्ययन विश्लेषण गरी नीति निर्माणमा तिनीहरुको भूमिकाको बारेमा पृष्ठपोषण गर्न वाञ्छनीय भएको छ । यो लेखमा यिनै विषयवस्तुका बारेमा स्थानीय स्तरमा रहेका विभिन्न पक्षहरुलाई बाहिर ल्याउँदै त्यसको प्रभाव विभिन्न तहका नीति निर्माणमा कसरी पर्छ भन्ने चर्चा गरिएको छ ।

## निर्णय प्रक्रियामा सूचना/जानकारीको प्रयोग

नीति नियमहरुको निर्माण र परिमार्जनमा थुप्रै सूचना/जानकारीहरुको प्रयोग भएको हुन्छ । नीतिहरु समय सापेक्ष र तत्कालीन आवश्यकतालाई मध्यनजर राखेर बनाइएको छ भनेर देखाउन पनि थुप्रै सूचना/जानकारीहरुको साहारा लिइएको पाइन्छ । तर सूचना/जानकारी बारेको बुझाई भने फरक-फरक भएको पाइन्छ । कसैले यसलाई अर्थ्याइएको तथ्यको रुपमा लिन्छन्[१५] भने कसैले ज्ञानको आदान प्रदानको रुपमा लिइएको पाइन्छ । अझ अरु कसैले सूचना/जानकारीलाई ज्ञान भित्रको एउटा भाग भनेको पनि पाइन्छ ।[१६]

तथापि स्थानीय उपभोक्ताहरु तथ्य, सूचना/जानकारी वा ज्ञानलाई छुट्याएर प्रयोग गरिरहेका हुदैंनन्[१७] भन्ने आधारमा यस लेखमा सूचना/जानकारीलाई अलि व्यापक रुपमा परिभाषित गरिएको छ । अर्थात् सूचना/जानकारीलाई माथि उल्लेखित बाहेक पनि तथ्य, ज्ञान एवं अनुभवहरुको संयुक्त रुप हो भन्ने अर्थमा लिइएको छ ।

सा.व.सँग सम्बन्धित निर्णयहरुमा स्थानीय सामाजिक, आर्थिक एवं स्रोत सम्बन्धी निर्णयकर्तालाई उपलब्ध सूचना, ती सूचना प्रतिको उनीहरुको अवधारणा, बाह्य परिवेश (नीति नियम) एवं राजनैतिक अन्तरक्रियाको असर परेको हुन्छ । कतिपय निर्णयहरु ती विषय उठान गर्ने व्यक्ति वा समूहको शक्ति र प्रभावकारिताको आधारमा पनि हुने गरेकाछन् । त्यसैले झट्ट हेर्दा सामान्य प्रक्रियाकै उपजजस्तो लागे पनि सामुदायिक वन सम्बन्धि निर्णयहरु जटिल सामाजिक प्रक्रियाहरु हुँदै एउटा टुंगोमा पुगेका हुन्छन् । यी सामाजिक प्रक्रियाहरुमा सूचनाको उपलब्धता र त्यसप्रतिको निर्णयकर्ताको दृष्टिकोण, स्थानीय शक्ति सन्तुलन, राजनैतिक दाउपेच, व्यक्ति वा समूहको आर्थिक, शैक्षिक एवं सामाजिक स्तर र स्थानीय स्तरमा रहेका सामाजिक विभेदीकरणका अन्य तत्वहरु (लिंगभेद, जनजाती, भेगीय फरक आदि) पर्दछन् । यी प्रक्रियाहरुमा असर पुऱ्याउने तत्वहरु एक अर्कामा अन्योन्यास्रित भएका कारण कुनै एउटा मात्र तत्वको निर्णय प्रक्रियामा कति प्रभाव हुन्छ भनेर छुट्याउन भने गाह्रो हुन्छ ।

व्यवहारमा सूचनाका यी विभिन्न पक्षहरुको सचेत प्रयोग कमै मात्रामा भएको पाइन्छ । यद्यपि निर्णय गर्दा यी पक्षहरुको उल्लेख्य प्रभाव परिरहेको हुन्छ । तर पनि निर्णय कर्ताहरुले सचेत रुपमा यो सूचना उपलब्ध भएको कारण यो निर्णय गरिएको भन्ने खालको व्यापक विश्लेषण गरिरहेका नहुन पनि सक्छन् ।

### विधि एवं सामाग्रीहरु

धनकुटा जिल्लाको सिलढुंगा सामुदायिक वन र सोही जिल्लाको जलकन्या सा.व.मा गरिएको विस्तृत एवं तुलनात्मक अध्ययनको आधारमा यो लेख तयार गरिएको हो । यस अनुसन्धानमा विभिन्न जात-जाति, आर्थिक वर्ग, लिङ्ग, र टोलका व्यक्तिहरु पर्नेगरी सिलढुंगा सा.व.उपभोक्ता समूहबाट ३२ जना र जलकन्या सा.व.उपभोक्ता समूह बाट ३३ जना गरि जम्मा ६५ जनासँग अन्तरवार्ता लिइएको थियो । त्यसै गरी दुवै समूहमा टोल, लैंगिक, जातीय र समान चासो भएका जम्मा २६ वटा समूहहरुको छलफल आयोजना गरिएको थियो । यो अनुसन्धान प्रक्रियाको प्रारम्भ र अन्त्यमा जिल्लास्तर समेतका सरोकारवालाहरुसँग अन्तरक्रिया संचालन गरिएको थियो ।

### सामुदायिक विविधता र सामुदायिक वन सम्बन्धी विषय प्रतिका दृष्टिकोणहरु

समूहमा आर्थिक, सामजिक, जातिगत र लैङ्गिक विविधता हुन्छ । सा.व. उपभोक्ता समूहका सदस्यहरुको वर्ग, जात, लिङ्ग, सामाजिक पद एवं शिक्षाको विविधताको कारण उनीहरुले महत्व दिने विषयहरुमा समेत एकरुपता पाइदैन । स्थानीय रुपमा महत्व दिइने विषयहरुमा नियमित रुपमा गर्नुपर्ने कामहरु जस्तैः वन पैदावारको वितरण, वन सम्बन्धी नीति नियमहरु, बजार र यसको विकास, उपलब्ध वन स्रोत, वनको सम्भाव्यता एवं वनको स्वास्थ्य सुधारका कामहरु प्रमुख हुन् ।

तल्लो वर्गका व्यक्तिहरुले महशुस गरेको प्राथमिकताको विषय अन्य वर्गको भन्दा फरक देखियो । प्रस्तुत चित्रमा देखाए जस्तै गरीबहरुले उनीहरुको सहभागिता हुनु पर्ने विषयहरु एवं वनबाट प्राप्त

हुने बाँडफाँडको सूचना समयमै पाउनुपर्ने कुरालाई प्राथमिकताका साथ राखेका छन् भने वन सम्बन्धी नीतिनियम एवं बजारका बारेमा महत्व दिएका छैनन् । तर धनीहरुले अन्य विषयहरुलाई समेत महत्व दिएको पाइयो (यसको लागि तलको रेखाचित्र हेर्नुहोस्) ।




वन सम्बन्धी विषयहरुको सूचना, संचार र कार्यान्वयनको पक्षमा विभिन्न तह र तप्काका मानिसहरुको प्राथमिकता र आवश्यकता फरक हुँदोरहेछ भन्ने कुरा त प्रस्तुत रेखाचित्रबाट प्रष्टियो । त्यस्तै गरेर यदि एउटै विषयमा दुबै खालका व्यक्तिले महत्व दिए पनि गरीबले महत्व दिएको विषयको कारण र धनीले दिएको कारणमा धेरै फरक भएको पाइयो । जस्तो कि गरीबहरु आफ्नो जिविकोपार्जनको लागि मजदूरी वा अन्य श्रम गर्नुपर्ने भएकोले सा.व. मा लगानी गर्ने समयको क्षतिपूर्ति अन्य दिनहरुमा अलि बढी श्रम गरेर मिलाउनुपर्ने हुन्छ । त्यसैले उनीहरु आफ्नो सहभागिताको बारेमा केही पहिले नै जानकारी होस् भन्ने चाहन्छन् । वन पैदावार र अन्य फाइदाहरुको वितरणको जानकारी उनीहरुलाई धनीलाई भन्दा बढी महत्वपूर्ण छ किनकि उनीहरु एक पटकको फाइदा लिन चुके भने पनि उनीहरुसँग सीमित विकल्पहरु मात्र बाँकी रहन्छन् जबकि धनीहरुसँग वन सम्बन्धी पैदावार आफ्नै निजि वनमा हुनसक्छ वा अन्यत्रबाट किनेर ल्याउने क्षमता राख्दछन् ।

धनीहरु समूहभित्र नियमको पालना गराउन र कामहरु छिटो सम्पन्न गर्नको लागि समूहको सहभागिता हुने सूचना महत्वपूर्ण ठान्दछन् । त्यसै गरी उनीहरुलाई वन पैदावारको वितरण एउटा निश्चित मापदण्डबाट गरी पैदावारको निकासामा नियन्त्रण गर्ने उद्देश्यले यस विषयलाई महत्व दिएको पाइयो ।

**उपभोक्ता समितिमा हुनु र नहुनुले पर्ने फरक**

यो अध्ययनले उपभोक्ता समितिमा प्रतिनिधित्व हुनु र नहुनुले पनि सा.व. सम्बन्धी विभिन्न विषयका सूचनाको आदान प्रदानमा फरक पर्ने देखियो । त्यो फरक कुनै निश्चित विषयलाई महत्व दिने र नदिने कुराको साथसाथै त्यसमा अन्तर्निहित कारणहरुमा समेत छ । माथि उल्लेख गरिए झैं

नभएका उपभोक्ताहरु आफ्नो घरायसी कामसँग तारतम्य मिलाउन समूहले गर्ने कामहरुको अग्रिम सूचना पाउन पर्ने कुरालाई महत्व दिन्छन् भने सोही सूचना समितिका मानिसहरु कामहरु प्रभावकारी ढंगले समयमै सम्पन्न गर्नको लागि आवश्यक ठान्दछन् ।

उपभोक्ताहरु समितिले सूचना पर्याप्त उपलब्ध नगराएको र व्यक्तिगत लाभ हुने काममा आम उपभोक्ताहरु सम्म त्यो सूचना पुग्न नदिने गरेको गुनासो गर्छन् भने समितिभित्रका पदाधिकारीहरु आफूहरुले सबै उपभोक्ताहरुमा सूचना विधि पुर्‍याउने गरेको दाबी गर्छन् । खासगरी आर्थिक लाभ हुने कुरामा समितिका सदस्यहरु सकेसम्म आफैमा त्यो सूचना र सुविधा केन्द्रित गर्ने गरेको र तोकिएर आएको खण्डमा मात्र खास खास टाठाबाठा व्यक्तिहरुसम्म त्यो सूचना पुग्ने गरेको कुरा उपभोक्ताहरु बताउँछन् ।

समितिले जति राम्रो काम गरे पनि लान्छना लगाउन नछाड्ने भनी उपभोक्ताहरुलाई दोष दिन्छन् भने उपभोक्ताहरु समिति पारदर्शी हुन नसकेको, पक्षपातका कुराहरु देखिएको र बाँडफाँडका सूचना समेत समय काटेपछि प्राप्त गरेको दाबी गर्छन् । जलकन्या समुहकी एक मध्यम वर्गीय महिला सामान्य उपभोक्ताहरुलाई समयमा सूचना प्राप्त नहुँदा परेको मर्कालाई यसरी प्रस्तुत गर्दछिन् ।

सा. व. भित्रबाट घाँस झिक्न कहिले पाइने भन्ने निर्णय समितिले गर्ने गरेको छ । त्यसको लागि समितिको बैठक बसी निर्णय गर्दछन् । कतिपय समयमा समितिले आफ्नो अनुकुलको दिन निर्धारण गर्दछन् भने कतिपय बेला जुन दिन खुल्ने हो त्यसको अघिल्लो दिन निर्णय गरिन्छ । समितिका घरका मानिसहरुले त्यो सूचना तुरुन्त पाउँछन् भने अन्य उपभोक्ताहरुलाई घाँस संकलन गर्ने दिन मात्र त्यो सूचना थाहा हुन्छ । जतिखेर सामान्य उपभोक्ताहरु त्यो सूचना पाई घाँस संकलन गर्न सा.व.मा जान्छन् त्यतिखेरसम्म या त घाँस सकिएको हुन्छ वा टाढा र असजिलो ठाउँमा पुग्नुपर्ने हुन्छ ।

**सूचना, शक्ति र नेतृत्व**

सा.व. कार्यक्रमको शुरुवाततिर उपभोक्ता समूह गठन र सा.व. हस्तान्तरणको प्रक्रियामा स्थानीय टाठाबाठा व्यक्तिहरु सहभागी भएको पाइन्छ । ती टाठाबाठा व्यक्तिहरु भनेका सामाजिक कार्यकर्ता नै हुन् । वनमा चासो राख्ने र त्यसको संरक्षण गर्नुपर्छ भन्ने भावना राख्ने व्यक्तिहरु गलत प्रवृत्तिका नभएका पनि हुनसक्छन् । उनीहरुको भूमिका सकारात्मक भएका उदाहरणहरु पनि छन् तथापि शुरुवातको बेला पहिलेकै प्रभावशाली व्यक्तिहरुको नेतृत्वमा समूह/समिति गठन र सा.व. हस्तान्तरण भएको चाहिं सत्य हो । एक पटक नेतृत्वमा गइसकेपछि ती व्यक्तिहरुले विभिन्न संघसंस्थाहरुसँग सम्बन्ध बिस्तार गर्ने, तालिम, सेमिनार, गोष्ठी, भ्रमण जस्ता अवसरहरु प्राप्त गर्ने, नीति नियम र कार्यगत क्षेत्रमा अनुभव हासिल गर्ने जस्ता कुराहरुले उनीहरुको सूचना/जानकारी (ज्ञान, अनुभव, तथ्य) को भण्डार बिस्तृत हुन जान्छ । यसले गर्दा उनीहरुको शक्ति अझ सबल हुने र वैकल्पिक नेतृत्व विकास हुने अवसर घट्दै गएको कारण सामुदायिक वनभित्र शासक र शासितको मानसिकता विकसित भैरहेको देखिन्छ ।

उपभोक्ता समूहमा सूचना/जानकारी, ज्ञान र सीप विकास गर्न एवं अनुभवको साटासाट गर्न श्री ५ को सरकार, दातृ समुदाय र गैर सरकारी क्षेत्रबाट वर्षेनी दर्जनौं तालिम, गोष्ठी, सेमिनार, अध्ययन भ्रमण आदि संचालन भइरहेका छन् । तर यस अनुसन्धानको क्रममा लिइएका अन्तर्वार्ता यी क्रियाकलापहरुले सूचना/जानकारीका अन्य स्रोतहरुको तुलनामा कम योगदान दिएको देखियो (यसको लागि बायाँको बाकसमा हेर्नुहोस्) । यसका प्रमुख कारण चाहिं यी कार्यक्रममा सीमित टाठाबाठाले मात्र अवसर पाएको र सामान्य उपभोक्ताको पहुँच पुग्न नसक्नु हो ।

***सूचना/जानकारीका स्रोतहरु प्राथमिकता क्रममा***

| **प्राथमिकता क्रम** | **सूचना/जानकारीको स्रोत** |
|---|---|
| पहिलो | रेन्जपोष्ट |
| दोस्रो | स्थानीय सरकार (गा वि स, नगरपालिका) |
| तेस्रो | जिल्ला वन कार्यालय |
| चौंथो | स्थानीय सहजकर्ताहरु |
| पाँचौं | सा.व.उ. महासंघ, जिल्ला स्तर |
| छैठौं | सार्वजनिक संचारका माध्यम |
| सातौं | सूचना प्रदान गर्ने कार्यक्रमहरु (तालिम, सेमिनार, गोष्ठी, अध्ययन, भ्रमण) |
| आठौं | सा.व.उ.महासंघ, रे.पो. स्तर |

कुनै कुनै पदाधिकारीहरु सा.व.को गठन प्रक्रियादेखि हालसम्म अनवरत रुपमा नेतृत्वमा रहनुमा पनि यही कारण रहेको हुन सक्छ । किनकि एकपटक नेतृत्वमा पुगिसकेको व्यक्तिले सा.व. सम्बन्धी थप ज्ञान/सूचना प्राप्त गरेको र उसको कार्यशैली स्वच्छ रहेको अवस्थामा उपभोक्ताहरु समेत अर्को व्यक्तिलाई नेतृत्वमा ल्याउँदा हुने स्वच्छता र सक्षमता सम्बन्धी जोखिम उठाउन तयार हुँदैनन् । अर्कोतिर, सा.व.को नेतृत्वलाई कुनै प्रत्यक्ष आर्थिक फाइदा नहुने बरु सा.व.को काममा आफ्नो अतिरिक्त समय र पैसा खर्च गर्नुपर्ने हुनाले उपभोक्ताहरुलाई नेतृत्वमा जाने प्रोत्साहन कम हुन्छ । कार्यसमितिका एक जना पदाधिकारीलाई नेतृत्वबाट बाहिरिने रुचि हुँदाहुँदै पनि कसैले फुस्कन नदिएको कुराले यस समस्यालाई इंगित गर्दछ ।

**सहजीकरण, नियमित भेटघाट र सोंच परिमार्जन**

सा.व. व्यवस्थापनको मुख्य दस्तावेजको रुपमा रहेका विधान र कार्ययोजनाको निर्माण र परिमार्जन उपभोक्ता स्वयंले गर्ने वैधानिक प्रावधान रहे पनि आधाभन्दा बढी उपभोक्ताहरुलाई ती दुई कुराहरुको अस्तित्वसमेत थाहा भएको पाइएन । सयकडा पन्ध्र प्रतिशत वा सो भन्दा पनि कम उपभोक्ताहरुलाई मात्र विधान र कार्ययोजनामा भएका विषयहरुको बारेमा जानकारी भएको यस अध्ययनले देखाउँछ । जलकन्या सा.व.का अध्यक्षको भनाइ अनुसार यो प्रतिशत २-३ भित्र पर्ने हुन्छ । यस कुरामा अध्ययन गरिएका दुई सामुदायिक वनमा व्यापक फरक पाइयो । हालसालै हस्तान्तरण भएको र उपभोक्ताहरु वार्षिक रुपमा हुने आमभेलामा मात्र सहभागी हुने जलकन्या सा.व का उपभोक्ताहरुलाई यसबारे थोरै जानकारी भएको र निर्णय प्रक्रियामा महिलाको सहभागिता असाध्यै न्यून भएको पाइन्छ । यसको विपरित शिलढुंगा सा.व.मा महिलाहरु जागरुक भै नीति निर्माणमा आफ्नो उपस्थितिलाई सुदृढ तुल्याउन दबाब सिर्जना गरेको, सा.व.को विविध क्रियाकलापमा सकृयता पूर्वक सहभागी भएको र सा.व.बाट जीविकोपार्जनमा टेवा पुग्ने खालका कार्यकमहरु खोज्ने काममा समेत संगठित भएको पाइयो । उनीहरुले सा.व.मा महत्वपूर्ण मानिएका पहिलेका सोचहरुमा परिवर्तन भई हाल वन सम्बन्धी नीति नियमहरुप्रति सजगता आवश्यक भएको महशुस गरेका छन् । यसो किन भयो त भन्ने प्रश्नमा शिलढंगा सा.व. की कमला वाग्लेको

भनाइ यहाँ उद्धृत गरिएको छ, "प्रत्येक टोल टोलमा समितिहरु गठन भई त्यसको नियमित बैठक बस्ने, त्यसमा सा.व. सम्बन्धी विधान कार्ययोजना र अन्य नीति नियमको बारेमा अध्ययन र छलफल गर्ने र आ-आफ्नो भूमिकाको खोजीगर्ने काम भइरहेको छ । प्रत्येक टोलमा सहजकर्ताहरु तयार भई भेटघाट र छलफललाई नियमित रुपमा संचालन गरिएपछि पहिला बेवास्ता गरी पछाडि पारिएका समुदाय र महिलामा समेत सा.व. प्रति नयाँ सोच र त्यसको आवश्यकता महसुश भएको हो ।"

**निष्कर्ष**

सा.व.को निर्णय प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने तत्वहरु (आन्तरिक एवं बाह्य) र विविध खाले ज्ञान, तथ्याङ्क, सूचनाहरु एवं अनुभवको बारेमा व्यापक रुपमा सूसुचित नभइकन निर्णय प्रक्रियामा सुधार ल्याउन गरिने क्रियाकलापहरु प्रभावकारी हुने सम्भावना थोरै हुन्छ । त्यसैगरी स्थानीय निर्णय प्रक्रियाका राजनैतिक सामाजिक पक्षहरुलाई ख्याल नगरि बाहिरबाट प्रवाह गरिएका सूचना वा कानूनी प्रावधानहरु प्रभावशून्य भएको देखियो । स्थानीय रुपमा रहेका गरीब, महिला तथा पिछडिएका उपभोक्ताहरुको चाहना, आवश्यकता र सीमाहरुलाई समूह तहमा निर्माण हुने नीति नियम र नियमित निर्णय प्रक्रियामा प्रतिध्वनित गर्न ती वर्गका व्यक्तिहरुको नियमित भेटघाट, छलफल चलाउने र उनीहरुको वनप्रति जागरुकता सिर्जना गर्नु प्रभावकारी हुन सक्छ । यसरी पिछडिएका व्यक्तिहरुको सशक्तिकरण र नियमित अन्तरक्रियाले निर्णय गर्नु अघि उपलब्ध सूचनाहरु, त्यसको सम्भाव्य प्रभाव र जोखिमहरुको विश्लेषण गर्न सहयोग पुऱ्याउनुका साथै निर्णयमा उनीहरुको अपनत्व सिर्जना हुने र निर्णय कार्यन्वयनमा प्रभावकारिता आउने देखियो ।

यो अध्ययनबाट के कुरा पनि प्रष्ट रुपमा बाहिर आएको छ भने बाह्य निकायबाट उपभोक्तालाई उपयोगी भनेर प्रदान गरिएका सूचनामूलक कार्यक्रम होऊन् वा उपभोक्ताहरुले वन व्यवस्थापनमा प्रयोग गर्नुपर्ने निश्चित प्रक्रिया र वैज्ञानिक (?) तथ्यहरु नै होऊन् यदि ती स्थानीय परिवेशसँग मेल नखाने भएमा स्थानीय निर्णयहरुमा यी कुराहरुको भूमिका न्यून देखिन्छ । त्यसैले सामुदायिक वन सम्बन्धी नीति नियमहरु बढी अन्तरक्रियात्मक ढंगले निर्माण गर्ने र त्यसमा स्थानीय उपभोक्ता समेतको पहुँच पुऱ्याउन सकेमा ती नीति नियमहरु उपभोक्ताको हित रक्षा गर्न र स्रोतको व्यवस्थापनमा सहयोगी हुनुका साथै स्थानीय निर्णय प्रक्रियामा उपयोगी हुने देखिन्छ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)

*उपभोक्ता समूहले सामुदायिक वनमा मुख्य वन पैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्न बाली बाहेकका लामो अवधिसम्म एउटै बोटले उत्पादन दिने खालका नगदे बाली लगाउन चाहेमा सो को व्यवस्था कार्ययोजनामा उल्लेख गरि गर्न सक्छन् । (वन नियमावली २०५१)*